# माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम

**बैठक संख्या : ४७ औं** मिति : २०८१/१२/०८

आज मिति २०८१ साल चैत्र ०८ गते शुक्रबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्बाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योडहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्षुमन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री दिलशेर राई | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | मनिमा भट्टराई | प्रशासन प्रमुख | | |
| १७ | | | | |
| १८ | | | | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम

## गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम

**बैठक संख्या : ४७ औं** **मिति : २०८१/१२/०८**

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** : मिति : २०८१ फाल्गुण २३ गते शुक्रबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

को.ले.नि.का. इलामसँग लेखाको कर्मचारी माग गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

यस माङसेवुङ गाउँ कार्यपालिकाको कार्यालयको लेखा शाखामा कार्यरत सहायक पाँचौ तहका लेखा प्रमुख श्री राम दुलालको देउमाइ नगरपालिका इलाममा सरुवा भई रमाना समेत लिई गइसक्नु भएको र हाल लेखा शाखामा काम गर्ने कुनै पनि कर्मचारी नभएको कारण विभिन्न योजना तथा कार्यक्रमको रकम भूक्तनी लगायतका अन्य विविध काममा समस्या भएकोले कोष तथा लेखा नियन्त्रण कार्यालय इलामसँग यस कार्यालयको लागि लेखाको काम गर्ने एक जना कर्मचारीको व्यवस्था गरिदिनहुन अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

लारुम्वा सामुदायीक स्वास्थ्य इकाइको नाममा जग्गा राजिनामा पास गर्दा लागेको खर्च भूक्तानी गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

माङसेबुङ गाउँपालिकाको ५ नं. वडा कार्यायको मितिः २०८१।११।२१ च.नं. ४६ को पत्रबाट लारुम्वा सामुदायीक स्वास्थ्य इकाइको नाममा जग्गा राजिनामा पास गर्न मालपोत कार्यालय इलाम आउँदा जांदा लागेको खर्च रु ६३५६० ।- भूक्तानी माग भई आएको हुँदा विविध कार्यक्रम खर्च शीर्षकवाट उक्त रकम भूक्तनी दिने निर्णय गरियो ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इभाङ, इलाम

बैठक संख्या : ४७ औ　　　　　　　　　　　　　　　　　　मिति : २०८१/१२/०८

**प्रस्ताव नं. ५**

मिक्लाजुङ खानेपानी आयोजनाको बाँकी रहेको बजेटबाट पुनः ठेक्का बन्दोवस्त गरी थप काम गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत मिक्लाजुङ खानेपानी आयोजनाको लागि रु ३,००,००,०००।- विनियोन भई आएको र उक्त आयोजना संचालनको लागि ठेक्का बन्दो बस्त गर्दा रु २८,२८,५६३।- बचत हुन भएकोले उक्त वचत भएको बजेटबाट समेत DPR मा उल्लेखित थप कामहरु गर्ने र त्यसको लागि आवश्यक प्रकृया पूरा गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

योजना संझौताको लागि समय सीमा तोक्ने सम्वन्धमा ।

**निर्णय नं. ६**

यस गाउँपालिकाको चालू आ.ब. ०८१।८२ को लागि स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु मध्ये गाउँ सभाबाट संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रहरु बाहेक अन्य सबै योजना तथा कार्यक्रमहरुको संझौता गरिसक्नु पर्ने समय सीमा २०८१ चैत्र मसान्तसम्मको लागि निर्धारण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

सिमलटार स्वास्थ्य केन्द्र भवन मर्मत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ७**

माङसेबुङ गाउँपालिका वडा नं.४ स्थित सिमलटार स्वास्थ्य केन्द्र भवन मर्मतको लागि प्रदेश सरकारबाट रु १०,००,०००।- विनियोजन भई आएकोमा उक्त स्वास्थ्य केन्द्र भवन अत्यन्तै जिर्ण अवस्थामा रहेको कारण मर्मत गर्न नसकिने अवस्था रहेकोले उक्त बजेटवाट नयाँ भवन निमार्ण शुरु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८**

'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने सम्बन्धमा ।

**निर्णय नं. ८**

माङसेबुङ गाउँपालिका वडा नं.५ का जसहाङ लिम्बूले नामहाङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को नाममा 'घ' वर्गको निर्माण व्यवसायी प्रमाण पत्र पाउँभनी दिनुभएको निवेदनको सम्वन्धमा आवश्यक छानवीन हुदाँ 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्याविधि २०७६ बमोजिमको योग्यता पुगेको देखिएको र जांचबुझ समितिको बैठकको निर्णय सहित इजाजत पत्र दिन सकिने व्यहोराको प्राविधिक प्रतिवेदन समेत प्राप्त भएको हुँदा निवेदन बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम, इलाम

बैठक संख्या : ४७ औं

मिति : २०८१/१२/०८

**प्रस्ताव नं. ९**

अध्यक्षको सचिवालयका लागि स्वकीय सचिव नियुक्ति गर्ने सम्वन्धमा ।

**निर्णय नं. ९**

यस गाउँपालिकाको अध्यक्षज्यूको सचिवालयको लागि करार सेवा शुल्क शीर्षकबाट सेवा सुविधा भूक्तानी गर्ने गरी सहायक चौथों तहको एक जना स्वकीय सचिव नियुक्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०**

रत्न स्मृति सभाको लागि बजेट व्यवस्थापन गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

शहिद रत्न कुमार बान्तावाको स्मृतिमा गत विगत वर्षहरुमा झै यस वर्ष पनि यहि २०८१ साल चैत्र २७ गते रत्न स्मृति सभाको आयोजना गरिने भएको हुँदा उक्त कार्यक्रम व्यवस्थापनको लागि विविध कार्यक्रम शीर्षकबाट रु २,००,०००।- भूक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

अध्यक्षज्यूको काठमाण्डौं भ्रमण स्वीकृत तथा अनुमोदन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ११**

यस गाउँपालिकाको अध्यक्ष श्री हेमन्त राई ज्यू गाउँपालिकाको कामको सिलसिलामा विभिन्न योजना तथा कार्यक्रमहरु संघीय सरकार सँग माग गर्ने गरी मितिः २०८१।१२।११ गते देखि २०८१।१२।१७ गते सम्म काठमाण्डौं जानुहुने भएकोले अध्यक्षज्यूको उक्त काठमाण्डौं भ्रमण कार्यक्रम स्वीकृत गर्ने र यसअघि पनि मितिः २०८१।११।२३ गते देखि २०८१।११।२९ गते सम्म गाउँपालिकाको कामको सिलसिलामा काठमाण्डौं जानुभएको हुँदा उक्त भ्रमण समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२**

साविक बाँझो गाविसका नगरिकहरुलाई जिल्ला प्रशासन कार्यालय इलाम मार्फत नेपाली नागरिकताको प्रमाणपत्र वितरणको लागि अनुरोध गर्ने सम्वन्धमा ।

**निर्णय नं. १२**

यस माङसेबुङ गाउँपालिकाका सबै वडाका नागरिकहरुलाई इलाका प्रशासन कार्यालय मंगलबारेबाट नेपाली नागरिकताको प्रमाण पत्र वितरण भइरहेकोमा साविक बाँझो गाविस हाल माङसेबुङ गाउँपालिका वडा नं. ४,५ र ६ का नागरिकहरुलाई इलाका प्रशासन कार्यालय मंगलबारेबाट भन्दा जिल्ला प्रशासन कार्यालय इलामबाट नागरिकताको प्रमाणपत्र लिन पायक पर्ने भएको हुँदा साविक बाँझो गाविस हाल माङसेबुङ गाउँपालिका वडा नं.४,५ र ६ को लागि जिल्ला प्रशासन कार्यलय इलामबाट नागरिकताको प्रमाणपत्र उपलब्ध गराइदिनहुन जिल्ला प्रशासन कार्यालय इलामसँग अनुरोध गर्ने निर्णय गरियो ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

# माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम, इलाम

**बैठक संख्या : ४७ औं** | **मिति : २०८१/१२/०८**

**प्रस्ताव नं. १३**

मालसामान खरिद तथा खाजा खाना तथा होटेल बासको लागि रकम बाँडफाँड गर्ने सम्वन्धमा ।

**निर्णय नं. १३**

यस गाउँपालिकाभित्रका निस्सा प्राप्त गरिसकेका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी प्रमाणपुर्जा वितरणका लागि जग्गा नापजाँचको काम तत्काल सुरु गर्नुपर्ने र नापजाँच कार्यका लागि भूमि समस्या समधान आयोग बाट प्रविधिक टोलि समेत खटिइसकेको अवस्थामा नापजाँचमा खटिने प्राविधिक टोली र भूमि शाखाका लागि समेत तत्काल तपशील बमोजिमा सामानहरु खरिद गर्नु पर्ने भएकोले सुकुम्बासी सम्बन्धि कार्यक्रम शिर्षक अर्न्तगत विनियोजित बजेट रु २५,००,०००।- मध्येबाट सामान खरिद तथा टोलीमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि खाजा, खाना,इन्धन तथा होटेल बास खर्चबापत तपशील बमोजि खर्च गर्ने गरि रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

**तपशिल:**

| क्र.स. | मालसामानको नाम | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रिन्टर ए३ साइजको प्रिन्ट हुने | १ | ३,००,००० | |
| २ | जि.पि.एस डिभाइस | ८ | ४०,००० | |
| ३ | कम्पास स्केल | २ | ५,००० | |
| ४ | जुत्ता | १२ सेट | ३६,००० | |
| ५ | झोला | १२ | २५,००० | |
| ६ | कम्प्युटर डेक्सटप | २ | १,८०,००० | |
| ७ | रातो कपडा | | ५००० | |
| ८ | पोलका लागि गिटि सिमेन्ट वालुवा | | १०००० | |
| ९ | वाकी टकी २.५ कि.मि रेन्ज | ६ सेट | १,६२,००० | |
| जम्मा | | | ७,६३,००० | |

| क्र.स. | खाजा,खाना,बास तथा इन्धन सम्बन्धि विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | खाजा | १,००,००० | |
| २ | खाना | १,५०,००० | |
| ३ | होटेल वास | १५००० | |
| ४ | इन्धन | ५०००० | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम

बैठक संख्या : ४७ औं

मिति : २०८१/१२/०८

| | | | |
|---|---|---|---|
| ५ | नापी कार्यालयबाट नक्सा खरिद | १,५०,००० | |
| जम्मा | | ४,६५,००० | |

कुल जम्मा : १२,२८,०००।-

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत